| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा । | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गरियो । |
| २ | अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश भएको प्रतिवेदन सम्बन्धमा । | चालु आर्थिक बर्ष २०८२/८३ को नगरस्तरीय तथा वडास्तरीय आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई सम्बन्धित समितिका संयोजकबाट पेश भएका प्रतिवेदनहरु उपर छलफल गरी पेश भएका अनुगमन प्रतिवेदन अनुमोदन गरियो । आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने । |
| ३ | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन ( व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ कार्यान्वयन सम्बन्धमा । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा जारी स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन ( व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ बमोजिम टोखा नगरपालिकाको आ.व.२०८१/८२ को कार्य सम्पादनको स्वःमूल्याङ्कन प्रकृया अगाडि बढाउने । |
| ४ | योजना सम्झौता रद्ध गर्ने सम्बन्धमा । | १. वडा नं. ३ स्थित चागल टोलमा ईट्टा तथा ढुगाँ सोलिङ्ग कार्यको लागि मिति २०८२-२-१४ मा चाग त्वा विकास समितिसँग सम्झौता भएकोमा उक्त संस्थाले हाल सम्म कार्य प्रारम्भ नगरेकोले सो संस्थासँग भएको सम्झौता रद्ध गरी वडा कार्यालयबाट सिफारिस भएको चागः टोल उपभोक्ता समितिसँग सम्झौता गरी आयोजना निर्माण प्रकृया अगाडि बढाउने ।<br>२. वडा नं. १ स्थित पेनोर लामा टोल मोटरबाटो स्तरोन्नतीको आयोजना संचालनको लागि मिति २०८१-११-१५ मा ढाँड टोल नयाँ वस्ती उपभोक्ता समितिसँग सम्झौता भई केहि काम सम्पादन भई सोको रनिङ्क्ग विल वापतको रकम भुक्तानी भई सकेकोमा बाँकी कार्य हाल सम्म सम्पादन नगरेकोले सम्पादित कार्य स्वीकार गरी सम्बन्धित उपभोक्ता समितिसँगको सम्झौता रद्ध गर्ने । |
| ५ | लागत सहभागिताको आयोजना स्वीकृत सम्बन्धमा । | १. वडा नं. ८ स्थित इन्द्रायणी टोलमा लागत सहभागितामा सिसिक्यामेरा जडान कार्यको आयोजना स्वीकृत गरी स्थानीय लाभग्राही समूहको ४० प्रतिशत र नगरपालिकाको ६० प्रतिशत लागत सहभागिता हुनेगरी १७ औं नगरसभाको सि.नं. १२६३ मा विनियोजित रकम मध्येबाट लागत अनुमान बमोजिमको रकम मध्ये नगरपालिकाले व्यहोर्नु पर्ने रकम विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>२. वडा नं. ८ स्थित मेलमिलाप टोलमा लागत सहभागितामा सिसिक्यामेरा जडान कार्यको आयोजना स्वीकृत गरी स्थानीय लाभग्राही समूहको ४० प्रतिशत र नगरपालिकाको |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ६० प्रतिशत लागत सहभागिता हुनेगरी १७ औं नगरसभाको सि.नं. १२६३ मा विनियोजित रकम मध्येबाट लागत अनुमान बमोजिमको रकम मध्ये नगरपालिकाले व्यहोर्नु पर्ने रकम विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने । |
| ६ | आ.व. २०८२/८३ को दोस्रो चौमासिक समीक्षा संचालन गर्ने सम्बन्धमा । | टोखा नगरपालिकामा आ.व. २०८२/८३ को दोस्रो चौमासिक अवधिमा सम्पादन भएका क्रियाकलापका सम्बन्धमा दोस्रो चौमासिक समीक्षा मिति २०८२ चैत्र ९ गते सोमबार दिनको २:०० बजे नगरपालिकाको सभाहलमा संचालन गर्ने । |
| ७ | श्री महत निर्माण सेवा, ललितपुरलाई कालोसूचीमा पठाउने सम्वन्धमा । | टोखा नगरपालिका कार्यालय र श्री महत निर्माण सेवा,ललितपुर वीच मिति २०७८-१०-७ मा फुलवारी-बुढानिलकण्ठ सडक स्तरोन्नती वडा नं. १, ठेक्का नं. 08/NCB/TM/W/2078-79 कार्यको लागि सम्झौता भई कार्य चालु रहेकोमा सम्वन्धित निर्माण व्यवसायीले साईट प्राविधिकको निर्देशनलाई अटेर गरी Technical Specification बमोजिम गुणस्तरियता कायम नगरेको देखिएकोले अविलम्व कार्य सुधार गरी Technical Specification बमोजिम कार्य गर्न साथै गुणस्तरहिन कार्यको भुक्तानी नहुने भनी मिति २०७८-१२-१५, च.नं. २२८३ को पत्र मार्फत सचेत गराईएको, सम्वन्धित निर्माण व्यवसायीले सो लाई अटेर गरी गुणस्तरहिन कार्य जारी राखेको, फिल्डमा भएको सडक ढलान कार्यको ल्याव परीक्षण गरी श्री जियो नेक्स्ट ल्याब्रोटरी प्रा.लि.बाट यस कार्यालमा मिति २०७९-६-२, दर्ता नं. १३७१ मा दर्ता भएको ल्याव रिपोर्ट अनुसार उक्त ढलान कार्यको Average Compressive Strength 9.3 मात्र भएकोले प्राविधिक रुपमा उक्त सडक ढलान कार्य गुणस्तरहिन रहेको भनि प्राविधिक प्रतिवेदन पेश भएको सो पश्चात गुणस्तरहिन कार्य पुनः सुधार गरी बाँकी निर्माण कार्य सम्पन्न गर्न पटक पटक मौखिक तथा लिखित रुपमा (मिति २०८१-२-१६,च.नं. ५७७२ को पत्र लगायत) ताकेता गर्दा पनि सम्वन्धित निर्माण व्यवसायीले अटेरी गरेको, ठेक्का सम्झौता अन्त्य किन नगर्ने सम्बन्धी मिति २०८२-८-२६ मा पत्राचार भएकोमा चित्तबुझ्दो जवाफ पेश नभएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९ र ६३ एवं नियमावली, २०६४ को नियम १२८ तथा १४१ बमोजिम ठेक्का सम्झौता अन्त्य गरी निज श्री महत निर्माण सेवा, ललितपुरलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गर्ने । |
| ८ | पाठ्यपुस्तक सम्पादन मण्डल गठन गर्ने सम्बन्धमा । | टोखा नगरपालिकाको स्थानीय पाठ्यक्रम हाम्रो टोखा कक्षा १-८ को पाठ्यक्रम अनुसार विकास भएका कक्षा १-४ र ८ को पाठ्यपुस्तक पुनरावलोकन र कक्षा ५-७ को पाठ्यपुस्तकको अन्तिम रुप दिनको लागि तपशिल बमोजिमको पाठ्यपुस्तक सम्पादन मण्डल गठन गर्ने ।<br>तपशिल |

| सि.नं. | नाम थर | पद | कै. |
|---|---|---|---|
| १ | श्री सीताराम कोईराला (प्रशिअ) | संयोजक | |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | २ डा.गणेश प्रसाद भट्टराई (उपसचिव) — सदस्य<br>३ श्री बौधराज निरौला (विज्ञ) — सदस्य<br>४ श्री बाबुलाल डंगोल (विज्ञ) — सदस्य<br>५ श्री रेणुका भण्डारी (शिक्षक) — सदस्य<br>६ श्री उमा गोराथोकी (शिक्षक) — सदस्य<br>७ श्री खगेन्द्र सिंह धामी (शि.अ.) — सदस्य सचिव |
| ९ | विस्तृत परियोजना प्रतिवेदन स्वीकृत सम्वन्धमा । | टोखा नगरपालिका वडा नं. ११ स्थित बिष्णुमति नदी उकास/ सार्वजनिक जग्गामा Detailed Engineering Design, Preparation of Master plan, Landscaping works, Cost Estimation and Report Preparation of Bishnumati Nadi Ukaas Park of Tokha-11 सम्वन्धी कार्यको लागि सम्वन्धित परामर्शदाताबाट पेश भएको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत एवं स्वामित्व ग्रहण गरी सम्झौता बमोजिम रकम भुक्तानी उपलव्ध गराउने । |
| १० | सिअनमी श्री सुशिला मानन्धरको असाधारण विदा स्वीकृत सम्बन्धमा । | बागमती प्रदेश सभाबाट जारी स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६० बमोजिम टोखा नगरपालिका अन्तर्गत २ नं. आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत सिअनमी श्री सुशिला मानन्धर (क.सं.नं. ०११७३६) को माग निवेदन अनुसार निजको मिति २०८३/०२/१० देखि २०८४/०२/०९ सम्मको वेतलवी असाधारण विदा स्वीकृत गर्ने । |
| ११ | साविक देखि रहेको पाटी पुनः निर्माण सम्बन्धमा । | वडा नं. २ स्थित साविक चण्डेश्वरी गा.वि.स वडा नं. ६ क कि.नं. १ को सार्वजनिक जग्गामा साविक समय देखिनै स्थानीयबासीहरुले आवश्यकता अनुसार ज्येष्ठ नागरिकहरुको सहजताको लागि पाटी निर्माण भई प्रयोग हुदै आएकोमा हाल सो पाटी जिर्ण भएकोले सो पाटीलाई थप व्यवस्थित एवं पुनः निर्माणको लागि अनुमति दिने । |
| १२ | बालमैत्री वडा घोषणा सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. ४ र ६ को वडा कार्यालयकोहरुले बालमैत्री सूचकहरु पुरा गरी बालमैत्री वडा घोषणाको तयारी अन्तिम चरणमा पुगेकोले अनुगमन गरी बागमती प्रदेश सरकारलाई प्रतिवेदन दिनको लागि जिल्ला समन्वय समिति काठमाडौंलाई अनुरोध गर्ने । |
| १३ | भेरिएसन स्वीकृत सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. १० स्थित वडा कार्यालयको भुई तल्लामा बीच विनायक भजन मण्डली संचालनको लागि कलात्मक ढंगको स्वरुप परिवर्तन कार्यको लागि शोभा ड्रिम बिल्डर्स प्रा.लि., काठमाडौंसँग मिति २०८२-४-२१ मा सम्झौता भएकोमा हालको अवस्थामा सम्झौता बमोजिमको केहि कार्य गर्न आवश्यक नरहेकोले सम्झौता हुदाँका बखत BOQ मा उल्लेखित मध्ये घटी परिमाण बमोजिम रु. २२१३६९.६२ अर्थात २४.३२ प्रतिशत भेरिएसन (घटी) स्वीकृत गरी सम्पादन भएको कार्यको मूल्याङ्कन बमोजिमको रकम सम्बन्धित शोभा ड्रिम बिल्डर्स प्रा.लि. लाई भुक्तानी गर्ने । |
| १४ | आयोजना /कार्यक्रम स्वीकृत गरी | १. वडा नं. २ वडा कार्यालय एवं चण्डेश्वरी मा.वि.मा सिसिक्यामेरा जडान सम्बन्धी कार्यको आयोजना स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. ७ लाख ४५ हजार विनियोजन गर्ने । |

CS CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | रकम विनियोजन गर्ने सम्बन्धमा । | २. वडा नं. ९ स्थित मानव कल्याण टोल विकास समिति क्षेत्रभित्रका ढल तथा मंगाल सफा गर्ने कार्यको कार्यक्रम स्वीकृत गरी लागत अनुमान बमोजिमको रकम रु. ३० हजार ५ सय १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट विनियोजन गरी ढल तथा मंगाल सरसफाई गर्ने कार्य सम्पादन गर्ने ।<br>३. वडा नं. २ स्थित चण्डेश्वरी मन्दिर तथा आसपासका मन्दिरहरुमा रङ्गरोगन गर्ने कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. १ लाख विनियोजन गर्ने ।<br>४. ऐतिहासिक टोखा विस्काजात्रा, २०८३ को अवसरमा धार्मिक एवं ऐतिहासिक सम्पदाको सौन्दर्यीकरणका लागि डिम लाईट, रोप लाईट लगायत विभिन्न सौन्दर्य सामाग्री जडानको लागि १७ औं नगरसभाको सि.नं. ३२३ मा (संस्कृति संरक्षण तथा प्रवर्धन कोषमा) विनियोजित रकम मध्येबाट रु. ५ लाख विनियोजन गर्ने ।<br>५. वडा नं. ३ स्थित जनज्योति पुस्तकालयमा सिसिक्यामेरा जडान सम्बन्धी कार्यको आयोजना स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. ७५ हजार विनियोजन गर्ने ।<br>६. लक्षित समूहको सीप विकास गरी रोजगारी सिर्जना गर्न ब्यूटिसियन तालिम संचालनको कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट रु. ४ लाख विनियोजन गरी तालिम कार्यक्रम संचालन गर्ने ।<br>७. वडा नं. ३ स्थित बानियाँटार मूल सडक देखि प्रदिप बानियाँको घर सम्मको बाटोमा राखिएको ब्लक मर्मत गर्ने कार्यको आयोजना स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. ७० हजार विनियोजन गर्ने ।<br>८. वडा नं. १ स्थित किसन्डोल सडक स्तरोन्नतीको आयोजना स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु.१० लाख विनियोजन गर्ने<br>९. वडा नं. २ स्थित कोल्बु गुठी घर निर्माणको बाँकी कार्य सम्पन्न गर्ने आयोजना स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. २ लाख विनियोजन गर्ने ।<br>१०. वडा नं. २ आरन्डोल देखि देवको जोड्ने सडकको साईडड्रेन निर्माण कार्यको आयोजना स्वीकृत गरी १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. ८ लाख विनियोजन गर्ने ।<br>११. टोखा नगरपालिका वडा नं. ७ मा अवस्थित पूर्व प्रहरी सँगठन, टोखा नगर कार्य समितिको कार्यालय संचालनको लागि आवश्यक पर्दा, कार्पेट एवं एक थान सोफासेट खरिद गरी हस्तान्तरण गर्ने । |
| १५ | औषधि उपचार सहयोग सम्बन्धमा । | १. टोखा नगरपालिका वडा नं. २ बस्ने सीताराम आचार्य पायल्स रोगबाट पिडित भई उपचाररत रहेकोले निजलाई औषधि उपचार सहायता स्वरुप रु. १५ हजार आर्थिक सहयोग १७ औं नगरसभाको सि.नं. २७११२ अन्य सामाजिक सुरक्षा (आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>२. जिल्ला समन्वय समितिका सदस्य श्री यशोदा कार्की क्यान्सर रोगबाट पिडित भई |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | उपचाररत रहेकोले निजलाई औषधि उपचार सहायता स्वरुप रु. २० हजार आर्थिक सहयोग १७ औं नगरसभाको सि.नं. २७११२ अन्य सामाजिक सुरक्षा (आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>३. वडा नं. २ बस्ने जित बहादुर लवट मुटु सम्बन्धी रोगबाट पिडित भई उपचाररत रहेकोले निजलाई औषधि उपचार सहायता स्वरुप रु. १५ हजार आर्थिक सहयोग १७ औं नगरसभाको सि.नं. २७११२ अन्य सामाजिक सुरक्षा (आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>४. वडा नं. २ बस्ने रुपा श्रेष्ठ क्यान्सर सम्वन्धी रोगवाट पिडित भई उपचाररत रहेकोले निजलाई औषधि उपचार सहायता स्वरुप रु. १५ हजार आर्थिक सहयोग १७ औं नगरसभाको सि.नं. २७११२ अन्य सामाजिक सुरक्षा (आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने । |
| १६ | निर्माण कार्यको अनुदान निकासा/ हस्तान्तरण सम्बन्धमा । | १. टोखा नगरपालिका ६ नं. वडा कार्यालयको मिति २०८२-११-२७,च.नं. २३७१ को एवं काठमाडौं उपत्यका खानेपानी लिमिटेड, महाराजगञ्ज शाखा, काठमाडौंको मिति २०८२-११-२६,च.नं. ४८९ को पत्रानुसार डाँफेवस्ती उत्तर तर्फको माथिल्लो भागमा डाँफेपम्पबाट आएको ४ ईन्च पाइप तथा ३ इन्च जि.आई पाईपलाईनमा चाबी राखी खानेपानी संचालन कार्यको लागि काठमाडौं उपत्यका खानेपानी लि.बाट प्राप्त लागत अनुमान रु. १९६७४१.२४, नगरसभाको १७ औं अधिबेशनको सि.नं. ३३८ मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. १९६७४१.२४ विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।<br>२. टोखा नगरपालिका ३ नं. वडा कार्यालयको मिति २०८२-११-२७,च.नं. ४४९३/४४९४ को पत्रानुसार भिम महर्जनको घरदेखि प्रमिला लामिछानेको घरसम्म पाईपलाईन विस्तार र शान्ति बाटिका चोक देखि ओरालो जाने बाटो हुदै भत्केको पुल तर्फ खानेपानी पाईपलाईन विस्तार कार्यको लागि काठमाडौं उपत्यका खानेपानी लि.बाट प्राप्त लागत अनुमान रु. ७६२९०८/-, नगरसभाको १७ औं अधिवेशनको सि.नं. ३३८ मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. ७६२९०८/- विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने । |
| १७ | आधारभूत शिक्षा उत्तिर्ण परीक्षा | आधारभूत शिक्षा उत्तिर्ण परीक्षा (कक्षा -८) को वार्षिक परीक्षा संचालन तथा व्यवस्थापन खर्च मापदण्ड आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी तपशिल बमोजिम स्वीकृत गर्ने । |

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td>(कक्षा -८) को वार्षिक परीक्षा संचालन तथा व्यवस्थापन खर्च मापदण्ड स्वीकृत सम्बन्धमा ।</td><td>
<table>
<tr><th>क्र.स</th><th>विवरण</th><th>एकाई</th><th>एकाई दर</th></tr>
<tr><td>१</td><td>कोरा प्रश्नपत्र निर्माण</td><td>१</td><td>२०००</td></tr>
<tr><td>२</td><td>प्रश्नपत्र परिमार्जन/मोडेरेशन</td><td>१</td><td>१५००</td></tr>
<tr><td>३</td><td>उ.पु. ढुवानी खर्च (प्रति केन्द्र)</td><td>१</td><td>१०००</td></tr>
<tr><td>४</td><td>उत्तरपुस्तिका परीक्षण</td><td>१</td><td>२०</td></tr>
<tr><td>५</td><td>उत्तरपुस्तिका सम्परीक्षण</td><td>१</td><td>५</td></tr>
<tr><td>६</td><td>प्रासाङ्क प्रविष्टि</td><td>१</td><td>२</td></tr>
<tr><td>७</td><td>फर्म व्यवस्थापन र सिम्बल नम्बर इन्ट्री</td><td>१</td><td>४</td></tr>
<tr><td>८</td><td>केन्द्राध्यक्ष पारिश्रमिक</td><td>१</td><td>६००</td></tr>
<tr><td>९</td><td>सहायक केन्द्राध्यक्ष पारिश्रमिक</td><td>१</td><td>५००</td></tr>
<tr><td>१०</td><td>निरिक्षक पारिश्रमिक</td><td>१</td><td>४००</td></tr>
<tr><td>११</td><td>सहायक कर्मचारी पारिश्रमिक</td><td>१</td><td>३००</td></tr>
<tr><td>१२</td><td>केन्द्रमा खाजा, पानी तथा मसलन्द प्रति विद्यार्थी प्रति दिन</td><td>१</td><td>२</td></tr>
</table>
</td></tr>
<tr><td>१८</td><td>सार्वजनिक सेवा सम्बन्धि सन्देश (Public Service Announcement, PSA) को लागत अनुमान स्वीकृत सम्बन्धमा ।</td><td>
टोखा नगरपालिकाको सार्वजनिक सेवा सम्बन्धि सन्देश (Public Service Announcement, PSA) निर्माण सम्बन्धी परामर्श सेवा खरिदको लागि लागत अनुमान तयार गर्न तपशिल बमोजिमको नर्म्स स्वीकृत गर्ने ।<br>
सार्वजनिक सेवा सम्बन्धि सन्देश (Public Service Announcement, PSA) निर्माणको लागत अनुमान (प्रति सन्देश)
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">कार्यक्रम शिर्षक/ खर्च विवरण</th><th rowspan="2">एकाई</th><th colspan="2">परिणाम</th><th rowspan="2">प्रति एकाई दर</th><th rowspan="2">शिर्षकको जम्मा लागत</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>व्यक्ति संख्या</th><th>दिन संख्या</th></tr>
<tr><td>१</td><td>रिसर्च</td><td>प्रति व्यक्ति/दिन</td><td>१</td><td>२</td><td>५०००</td><td>१००००.००</td><td></td></tr>
<tr><td>२</td><td>स्कृप्ट</td><td>प्रति व्यक्ति/दिन</td><td>१</td><td>१</td><td>३०००</td><td>३०००.००</td><td></td></tr>
<tr><td>३</td><td>न्यारेशन</td><td>प्रति व्यक्ति/दिन</td><td>१</td><td>०.३०</td><td>१००००</td><td>३०००.००</td><td></td></tr>
<tr><td>४</td><td>छायाँकन</td><td>प्रति</td><td>१</td><td>५</td><td>२५००</td><td>१२५००.००</td><td></td></tr>
</table>
</td></tr>
</table>

<table>
<tr><th>क.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>व्यक्ति/दिन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>एनिमेसन तथा ग्राफिक्स</td><td>प्रति व्यक्ति/दिन</td><td>१</td><td>२</td><td>६५००</td><td>१३०००.००</td><td></td></tr>
<tr><td>६</td><td>सम्पादन</td><td>प्रति व्यक्ति/दिन</td><td>१</td><td>१</td><td>२५००</td><td>२५००.००</td><td></td></tr>
<tr><td colspan="6">जम्मा</td><td>४४०००.००</td><td></td></tr>
<tr><td colspan="6">VAT १३%</td><td>५७२०.००</td><td></td></tr>
<tr><td colspan="6">कुल जम्मा</td><td>४९७२०.००</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>१९</td><td>पोर्टेबल शौचालय निर्माणको स्थान छनौट सम्बन्धमा ।</td><td>टोखा नगरपालिका वडा नं. २ को कार्यालयको मिति २०८२-११-२७,च.नं. १८५९ को सिफारिस पत्र समेतको आधारमा वडा नं. २ स्थित गणेशस्थान गणेशपोखरीको पश्चिम तर्फ एक पोर्टेबल शौचालय निर्माण प्रकृया अगाडि बढाउने सोको नियमित संचालन, रेखदेख र सरसफाईको सम्पूर्ण जिम्मेबारी सम्बन्धित २ नं. वडा कार्यालयको हुने सोको लागि लाग्ने रकम १८ औं नगरसभाको सि.नं. ५४ स्मार्ट शौचालय निर्माण शिर्षकमा विनियोजित रकम मध्येबाट व्यहोर्ने ।</td></tr>
<tr><td>२०</td><td>टोखा विष्का जात्रा, २०८३ संचालनको लागि रकम विनियोजन सम्बन्धमा ।</td><td>चालु आ.ब. २०८२/८३ मा टोखा नगरपालिकाको वडा नं. २ र ३ मा संचालन हुने ऐतिहासिक, सांस्कृतिक, मौलिक, परम्परागत बिष्खा जात्रा लगायत सम्पूर्ण जात्रा पर्व संचालन व्यवस्थापन तथा बाजाखलः गुठीहरुलाई बाजा मर्मत र तलेजु,गणेश,कुमारीको पालन पोषण एवं नित्य कर्मपुजा संचालन व्यवस्थापनको लागि टोखा संस्कृति संरक्षित क्षेत्र विकास समितिबाट पेश भएको प्रस्तावना स्वीकृत गरी उक्त कार्यको १७/१८ औं नगरसभाबाट सि.नं. ३२३ मा विनियोजित रकम मध्येबाट रु ८ लाख विनियोजन गरी स्वीकृत प्रस्तावना बमोजिमको कार्यक्रम संचालन गर्न टोखा संस्कृति संरक्षित क्षेत्र विकास समितिसंग सम्झौता गरी कार्यान्वय प्रकृया अगाडि बढाउने ।</td></tr>
<tr><td>२१</td><td>Detailed Engineering Design,Soil Test and Prepration of analysis Report of Lampakha Landslide Area को DPR निर्माण सम्बन्धमा ।</td><td>टोखा नगरपालिका वडा नं. ४ स्थित लाम्पाखाको Detailed Engineering Design,Soil Test and Prepration of analysis Report of Lampakha Landslide Area को DPR तयारी परामर्श सेवा मार्फत प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।</td></tr>
<tr><td>२२</td><td>सैद्धान्तिक सहमति सम्बन्धमा ।</td><td>टोखा नगरपालिकाको विविध आयोजना तथा कार्यक्रम संचालनका क्रममा छुट्याईएको कन्टिजेन्सी रकम खर्च गर्नका लागि सो सम्बन्धी निर्देशिका निर्माण गर्न नगरपालिका प्रशासनलाई सैद्धान्तिक सहमति दिने ।</td></tr>
</table>

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | |
| २३ | स्रोत सुनिश्चित सम्बन्धमा । | १. टोखा नगरपालिका वडा नं. ८ स्थित विभिन्न स्थानमा सडकबत्ती जडानको लागि सम्बन्धित प्राविधिकबाट तयार भएको लागत अनुमानमा साविकमा विनियोजित रकममा नपुग भएको रकम रु. १५१७३६ को १७ औं नगरसभाको विविध मर्मत भैपरीमा विनियोजित रकम मध्येबाट स्रोत सुनिश्चित हुने गरी खरिद प्रकृया अगाडि बढाउने ।<br>२. टोखा नगरपालिका वडा नं. ६ स्थित विभिन्न स्थानमा सडकबत्ती जडानको लागि सम्बन्धित प्राविधिकबाट तयार भएको लागत अनुमानमा साविकमा विनियोजित रकममा नपुग भएको रकम रु. १४५६०४ को १७ औं नगरसभाको विविध मर्मत भैपरीमा विनियोजित रकम मध्येबाट स्रोत सुनिश्चित हुने गरी खरिद प्रकृया अगाडि बढाउने । |
| २४ | कार्यक्रम सहयोग सम्बन्धमा । | १. अन्तराष्ट्रिय स्तरमा टोखा नगरपालिकाको प्रचार प्रशार मार्फत पर्यटन प्रवर्द्धनको लागि साँस्कृतिक नगरी टोखाको प्राचिन मठमन्दिर तथा ऐतिहासिक स्थलहरुको चिनियाँ भाषामा भिडियो निर्माण गर्न जगदिशमान राजभण्डारीलाई सहयोग स्वरुप रु. २५ हजार कार्यक्रम खर्च शिर्षकबाट उपलव्ध गराउने ।<br>२. भद्रपुर जेसिसको आयोजनामा संचालन हुने जिल्ला स्तरीय विज्ञान महोत्सव, २०२६ मा लाग्ने खर्च मध्ये आर्थिक सहयोग स्वरुप रु. ४० हजार कार्यक्रम खर्च शिर्षकबाट आयोजक भद्रपुर जेसिसलाई उपलव्ध गराउने ।<br>३. टोखा नगरपालिका वडा नं. २ स्थित पूर्ण विराम उपचार तथा पुर्नस्थापना केन्द्रलाई आर्थिक अवस्था कमजोर भएका असहाय,बेवारिसे तथा जोखिममा परेका र दुर्व्यसनमा परेका व्यक्तिहरुलाई नि:शुल्क तथा सहुलियतपूर्ण उपचार सेवा सहयोग वापत रु. ४० हजार लक्षित वर्ग कार्यक्रम शिर्षकमा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने । |

CamScanner